बैठक संख्या - ४०

आज मिति २०७६।११।१८ गते आइतबार यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको बैठक भुम्लु गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

१ श्री गुमानध्वज कुँवर – अध्यक्ष
२ श्री कल्पना कुमारी श्रेष्ठ – उपाध्यक्ष
३ श्री खीर बहादुर श्रेष्ठ – सदस्य
४ श्री कृष्ण कुमार कार्की – सदस्य
५ श्री ज्ञान वहादुर तामाङ – सदस्य
६ श्री लोक बहादुर कुँवर – सदस्य
७ श्री अञ्चल कुमार लामा – सदस्य
८ श्री भरत बहादुर शिवभक्ती – सदस्य
९ श्री रमेश राज खरेल – सदस्य
१० श्री मोतिलाल तामाङ – सदस्य
११ श्री दल बहादुर तामाङ – सदस्य
१२ श्री चित्र बहादुर तामाङ – सदस्य
१३ श्री माया तामाङ – सदस्य
१४ श्री सानुमाया पहरी – सदस्य
१५ श्री उर्मिला वि. क. बराइली – सदस्य
१६ श्री सावित्रा अछामी – सदस्य
१७ श्री वालकृष्ण पहरी – सदस्य
१८ श्री शंकर नेपाली – सदस्य
१९ श्री मदन कुमार बजगाँई – सदस्य सचिव

Scanned with CamScanner

प्रस्तावहरु:

१ गाउँ सभामा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा ।

२ पशु विमा सम्बन्धी कार्यविधि सम्बन्धमा

३ गाउँपालिका भवन निर्माण सम्बन्धी स्थल सिफारिस गर्ने समिति गठन गर्ने सम्बन्धमा ।

४ सडक सुशासनका लागि सामग्री खरिद सम्बन्धमा ।

५ तिनकोशी उद्योग प्रा ली को रकम फिर्ता गर्ने सम्बन्धमा

६ कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि सम्नबधमा

७ सगरमाथा आरोहीलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा

८ फिल्ड सुविधा सम्बन्धी कार्यविधि सम्बन्धमा

९ रोजगार सम्बन्धि कार्यक्रम संचालन गर्ने सम्बन्धमा

१० आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयहरु:

१ यस गाउँपालिकाको मिति २०७६।११।२२ मा सम्पन्न हुने यस गाउँपालिकाको गाउँ सभाको हिउँदे अधिवेशनमा तपशिल बमोजिमका प्रस्तावहरु पेश गर्ने निर्णय गरियो ।

क. यस गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को स्वीकृत योजना तथा कार्यक्रममा तपशिल बमोजिम संसोधन तथा परिवर्तन गर्ने ।

१. सि. नं ५७ गाउँपालिका भवन मर्मत तथा निर्माण रु ३५ लाखको रकम परिवर्तन गरी रु ६ लाख कायम गर्ने र सो शीर्षकबाट रु २४ लाख सि.नं ५८ को सवारी साधन खरिद शीर्षक समेत परिवर्तन गरी रु ४४ लाख कायम गर्ने र सि नं ५७ को रु ५ लाख सि नं ६३ को सल्ले रक्षमा चौवास मोटरबाटो मर्मत शीर्षकमा थप गर्ने ।

२. सि. नं ५९ मा वडा कार्यालयहरुमा इन्टरनेट जडान मा विनियोजित रु १० लाखबाट रु १ लाख घटाइ शीर्षक नं १०४ घट्टेखोला उर्लिन भिमसेनस्थान खानेपानी लिफ्टीङ्को डी पी आर मा थप गर्ने तथा सो शीर्षकलाई परिवर्तन गरी इन्टरनेट जडान तथा विद्युतिय हाजीरी व्यवस्थापन रु ९ लाख कायम गर्ने ।

Scanned with CamScanner

३. सि. नं ६१ को डीजिटल प्रोफाइल निर्माण को रु १० लाख लाई शीर्षक समेत परिवर्तन गरी स्मार्ट नागरिक सहायता कक्ष कायम गरी रु ५ लाख कायम गर्ने र बाँकी रु ५ लाख सि नं ६३ मा थप गर्ने ।

४. सि नं ६३ को सल्ले रक्षमा चौवास मोटरबाटो मर्मत मा विनियोजित रु १७ लाखमा सि नं ५७ को रु ५ लाख, सि नं ६१ को गाउँपालिका डीजिटल प्रोफाइल निर्माणको रु ५ लाख र सि नं ६६ गाउँपालिका कम्पाउण्ड निर्माण को १० लाख गरी कुल ३७ लाख रकम कायम गर्ने।

६ सि.नं ६७ गाउँपालिकाको सभाहल निर्माणलाई शीर्षक परिवर्तन गरी गाउँपालिका सभाहल मर्मत तथा निर्माण रु १५ लाख शीर्षकमा कायम गर्ने।

८. सि नं ७१ को भैपरी आउने पुजिगत खर्चको शीर्षक परिवर्तन गरी इलेक्ट्रोनिक सामान खरिद(कम्प्युटर ल्यापटप प्रिन्टर फोटोकपी स्क्यानर इन्यादी) रु ६लाख ६२ हजार कायम गर्ने ।

वडा तर्फ

वडा नं १

९. सि नं १०४ को घट्टेखोला उर्लिन भिमसेनस्थान खानेपानी लिफ्टिङको डी पि आर मा विनियोजित रु २ लाखलाई शीर्षक परिवर्तन गरी पहिरोखोला मोटरबाटो मर्मत शीर्षक कायम गर्ने। शो शीर्षकमा सि नं ५९ को वडा कार्यालय इन्टरनेट जडान शीर्षकको रु १० लाख मध्येबाट रु १ लाख घटाइ सि नं १०४ मा रु ३ लाख कायम गर्ने ।

१०. सि. नं १५५ विद्युत पोल तथा टान्सफर्मर खरिद शीर्षकमा विनियोजित रु १४ लाखबाट रु २ लाख घटाइ शीर्षक नं १६८ मा र २ लाख थप गर्ने रु १२ लाख कायम गर्ने

सि नं १६८ खेलकुद मैदान निर्माणमा सि नं १५५ बाट र २ लाख थप गरी कुल रु ५ लाख कायम गर्ने।

वडा नं ४

११. सि नं १८२ मा ओखरे काउले मोटरबाटो मर्मत शीर्षक परिवर्तन गरी ओखरे मोटरबाटो मर्मत रु २५० हजार कायम गर्ने ।

१२. सि नं १८५ को कोट्का देगल कमेरे मोटरबाटो निर्माण शीर्षकमा विनियोजित रु ९ लाख मध्ये शीर्षक परिवर्तन गरी पातलपाखाबाट कमेरे मोटरबाटो निर्माण रु ५ लाख कायम गर्ने रु बाँकी रु ४ लाख सि.नं २११ मा थप गर्ने ।

Scanned with CamScanner

१३. सि नं २११ मा पोखरी महादेव स्थान सत्तल निर्माण तथा मर्मत शीर्षकमा समेत परिवर्तन गरी सि नं १८५ बाट र ४ लाख समेत थप गरी जम्मा रु ५ लाख कायम गर्ने ।

१४. सि. नं १८८ मा शीर्षक परिवर्तन गरी चिन्ने पोखरी कोड्का सिंचाइ कुलो मर्मत रु ४ लाख कायम गर्ने।

१५. सि नं २५७ आपबोट कोलडाँडा मोटरबाटो निर्माणमा विनियोजित रु ३ लाखलाई श्री जनता मा वि ICT ल्याब तथा फर्निचर व्यवस्थापन शीर्षक कायम गर्ने ।

वडा नं ७

सि नं २९१ एकिकृत सिंचाइ पाइप खरिद मा विनियोजित ८ लाख रकमलाई शीर्षक परिवर्तन गरी सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण कायम गर्ने ।

वडा नं ८

सि नं ३२७ को डुम्रे महादेवस्थान मन्दिर मर्मत तथा जेष्ठ नागरिक केन्द्र स्थापना शीर्षकलाई परिवर्तन गरी डुम्रे महादेवस्थान मन्दिर मर्मत रु १० लाख कायम गर्ने ।

सि नं ३२८ को सामुदायिक स्वास्थ्य चौकी भवन निर्माण रु ३ लाख लाई शीर्षक परिवर्तन गरी सामुदायिक स्वास्थ्य चौकी भवनको घडेरी खन्ने कायम गर्ने ।

सि.नं ३३७ को बनदेउ तल्लोटोल जाने मोटरबाटो निर्माण मा विनियोजित रु १ लाख को शीर्षक परिवर्तन गरी महिला लक्षित कार्यक्रम रु १ लाख कायम गर्ने ।

सि नं ३४० को कोलिखेत बिसमुरे सिंचाइकुलो निर्माण शीर्षकमा विनियोजित रु ६ लाखलाई डुम्रे विसमुरे बनटोल मोटरबाटो मर्मत रु ६ लाख कायम गर्ने।

वडा नं ९

सि नं ३९५ को चाखोला अम्बरेटार लिफ्टिङ सिंचाइ रु २ लाख को शीर्षक परिवर्तन गरी चाखोला अम्बरेटार लिफ्टिङ सिंचाइ टान्सफर्मर खरिद रु २ लाख कायम गर्ने

सि नं ४०३ को पिङगोला वाइवाटोल लिफ्टीङ खानेपानी रु ७ लाख को शीर्षक परिवर्तन गरी पीङगोला वाइवाटोल खानेपानी मर्मत रु ७ लाख कायम गर्ने ।

वडा नं १०

Scanned with CamScanner

सि नं ४३३ को सेलपाखा पहरीवस्ती उकालो मोटरबाटो ग्याबियन जाली रु ३ लाखको शीर्षक परिवर्तन गरी सेलपाखा पहरीवस्ती उकालो मोटरबाटो मर्मत रु ३ लाख कायम गर्ने ।

ख. भुम्लु गाउँपालिका आर्थिक ऐन २०७६ मा मा संसोधन गर्नुपर्ने विषयहरु

दफा ८ मा साबिकमा उल्लेखित विषयहरुलाई उपदफा १ मा कायम गरी उपदफा २ थप गर्ने र उपदफा २ मा: कुनै सार्वजनिक जग्गाको जिल्ला मालपोत कार्यालयको मूल्यांकनको आधारमा तोकीएको मूल्यांकन रकमको १ प्रतिशत वार्षिक न्युनतम भाडादर कायम गरी खुल्ला प्रतिष्प्रर्धाबाट कम्तिमा ५ वर्ष देखि ५० वर्षसम्म लिजमा दिनेगरी खुला प्रतिस्प्रर्धा गराई बढाबढका आधारमा भाडामा लगाउन सकिनेछ । सो सम्बन्धमा कार्यपालिकाले कार्यविधि बनाई लागु गर्नेछ उल्लेख गर्ने ।

ऐनमा दफा १७ थप गरी यस ऐनमा उल्लेख भएको बाहेकका विषयमा कर, शुल्क तथा जरिवाना तोक्नुपर्ने भएमा कार्यपालिकाले निर्णय गरी शुल्क तोक्न सक्नेछ । सो निर्णय भए पछिकोबस्ने पहिलो गाउँसभाको वैठकले अनुमोदन नगरेमा सो प्रावधान स्वतः खारेज हुनेछ।

अनुसुची ४ मा क्र स १९ थप गरी व्यवसायीक होस्टल को व्यवसाय कर रु ८००० प्रतिवर्ष कायम गर्ने ।

अनुसुची ७ मा क्र स ४ थप गरी खाली जग्गा वार्षिक रु १० प्रतिवर्ग फीट कायम गर्ने ।

अनुसुची १० को

क्र स १ मा व्यवसाय दर्ता शीर्षकमा रु २५०० को सट्टा रु १०० कायम गर्ने।

क्र स २ मा व्यवसाय नविकरण दस्तुर रु २००० को सट्टा रु ५० कायम गर्ने।

क्र स ३ मा गैरनाफामूलक तथा सामाजिक संघसंस्था नविकरण सिफारिस रु १०० कायम गर्ने ।नाफामूलक तथा व्यवसायिक संघसंस्था नविकरण सिफारिस रु ५०० कायम गर्ने

क्र स ४ मा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र नयाँ जारी शुल्क रु ५००० कायम गर्ने

क्र स ५ मा घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र नविकरण शुल्क रु २००० कायम गर्ने ।

क स ६ थप गरी घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र नविकरण विलम्बन शुल्क रु २००० कायम गर्ने।

२ भुम्लु गाउँपालिका पशु विभा कार्यक्रम संचालन कार्यविधि २०७६ स्विकृत गर्ने निर्णय गरियो ।

३ यस गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्ने स्थानको सिफारिस सहित २०७७ जेठ ७ गतेभित्र प्रतिवेदन पेश गर्ने गरी कार्य गर्ने गरी तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक रमेशराज खरेल

सदस्य मोतिलाल तामाङ

सदस्य अन्चल कुमार लामा

साथै सो समितिको सदस्य सचिवको रुपमा कार्य गर्न अधिकृत रुपक अधिकारीलाई तोक्ने निर्णय गरियो ।

४ मिति २०७६।१०।०२ गतेको प्रमुख जिल्ला अधिकारी श्री श्रवण कुमार तिमल्सिना ज्यूको सभापतित्वमा आयोजित समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सडक सुशासन सम्बन्धमा भएको वैठकको निर्णय नं ४ र ५ बमोजिम सामग्रि खरिद गर्न रकमको व्यवस्था गर्ने निर्णय गरियो ।

५ यस गाउँपालिकाको आर्थिक वर्ष २०७५।७५ को ठेक्का संकेत नं २ / IR/ २०७५।७६ भुम्लु गाउँपालिका भएर बग्ने सुनकोशी नदिको किनारामा रहको आमघाट बगर ढाडफेदी सल्ला डाडा सागाटार कृपे बगर क्षेत्र भुम्लु गापा वडा नं ६ श्री तिनकोशी उद्योग प्रा लि माइतीघर काठमाडौले यस कार्यालयसँग मिति २०७५।०९।२३ मा ठेक्का सम्झौता गरी कार्यदिश समेत प्राप्त गरेको, २०७५।११।२७ मा सो उद्योगको तर्फबाट सम्झौता रद्द गरी पाउँ भनी निवेदन प्राप्त भएको, मिति २०७५।१२।२० को स्थलगत सर्जिमिन मुचुल्का अनुसार सो उद्योगले ठेक्का बमोजिम स्थलगत रुपमा कुनै कार्य नगरेको, मिति २०७६।०४।२२ को उच्च अदालत पाटनको माननीय न्यायधिशद्वय श्री ठाकुर प्रसाद शर्मा पौडेल र श्री नरेन्द्र कुमार शिवाकोटीको इजलाशबाट जारी भएको उत्प्रेषण सहितको परमादेशबाट यस गाउँपालिकाले २०७५।११।२० मा सेन्चुरी कमर्सियल बैकमा पठाएको पत्रबाट बैक

Scanned with CamScanner

जमानत बापतको रकम प्राप्त गर्ने कार्य बदर गरी निवेदकको जनानत बापत जम्मा गरेको रकमका सम्बन्धमा कानून बमोजिम निर्णय गर्नु भनी यस गाउँपालिकाको नाममा परमादेश जारी भएको, यस गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०७६।०८।०३ को निर्णय बमोजिम बैक जमानत रकम फुकुवा भएको तथा प्रथम किस्ता बापत यस गाउँपालिकाको विभाज्य कोषमा जम्मा भएको रकम [८९२२६२० (उनानब्बे लाख बाइस हजार छ सय बीस मात्र)] ~~७९०५०००(उनानअसी लाख पाँच हजार मात्र)~~ रकमबाट सो प्रकृयामा यस कार्यालयबाट खर्च भएको प्रशासनीक लगायत विविध खर्चहरु कटाइ बाँकी रकम फिर्ता गर्न गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

६ कर्मचारी प्रोत्साहन सम्बन्धि कार्यविधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो।

७ रुकुम सानोभेरी गाउँपालिका वडा नं १० स्थायी घर भई हाल जिल्ला हुलाक कार्यालय रामेछापमा लेखापाल पदमा कार्यरत श्री बम बहादुर वि क लाई सगरमाथा आरोहणका लागि रु २५००० सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

८ फिल्ड सुविधा सम्बन्धी कार्यविधि २०७५ मा संसोधन गर्ने प्रस्ताव स्विकृत गर्ने निर्णय गरियो ।

९ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त अनुदानबाट यस आर्थिक वर्षमा तपशिल बमोजिमका योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

| वडा न. | योजना | बजेट |
|---|---|---|
| १ सापिङ | १.चहेरे रिठे जिरो किला अरखौले डाडाँ मोटर बाटो सोलिङ र नालि कटान ।<br>२. आरनटोल दलिनकाटे देउराली मो.बा सोलिङ, नालि कटान। | रु २०००००।<br>रु २०००००। |
| २ सिमथली | १. ठूलो स्वारा देखी बाकतेसम्मको मोटर बाटो सोलिङ गर्ने । | रु ३०००००। |
| ३ बेखसिम्ले | १. गोपेखोला हरिसिम्ला लौरे देउराली मोटर बाटो स्तर उन्नती | रु २०००००। |
| ४ चौवास | १.रक्षमा देखी चापानी खोल्छा सम्म मो बाटो मर्मत | रु २०००००। |
| ५ सल्ले | १. माथिल्लो चीलंखु देखि सल्ले डाडा हुदै | रु २०००००। |

| | | |
|---|---|---|
| | तिर्सुलमती खोला मोटर बाटो मर्मत ढुगा सोलिङ।<br>२. गौडा मोडबाट भुम्लु डाडा सम्म मो बा मर्मत। | रु ११३०००। |
| ६ कोलाती | १ भन्ज्याङ देविस्थान पर्यटक सडक तथा सिडी बाटो निर्माण। | रु २०००००। |
| ७ फलाटे | १. जिरो किलो भुम्लुवेशी राममन्दिर बाटोको नाली निर्माणसोलिङ। | रु २०००००। |
| ८ भुम्लुटार | १. दोलालघाट कोशीपारी सडक अन्तर्गत पिच सडक नाली तथा वर्षाबाट विग्रेको बाटोहरु मर्मत। | रु ३०००००। |
| ९ ज्याम्दी | १. माथिल्लो पिङगला देखी बागदेवी स्कुल सम्म गोरेटो बाटो।<br>२. काँटा बाटो बाट थापाटोल ठाडोबाटो मर्मत। | रु २०००००।<br>रु १०००००। |
| १० दोलालघाट | १. चउन्न किलो बुढाथोकि डाडा मोटर बाटो नालि सफा | रु २०००००। |

१० यस गाउँपालिकाको वडा नं ७ निवासी थालासिमियाबाट ग्रसित मेलिना लामालाई रु ३० हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

Scanned with CamScanner